नगर कार्यपालिका बैठक नं. ३१
स्थान: ठूलीभेरी नगरपालिकाको सभाहल
मिति: २०८२।०२।०४

आज मिति २०८२ साल जेठ महिनाको ४ गते आइतबारका दिन यस ठूलीभेरी नगरपालिकाका नगर प्रमुख श्री श्वबर्ण कुमार बुढाज्यूको अध्यक्षतामा ३१ औं नगर कार्यपालिकाको बैठक बस्यो । आजको बैठकको उपस्थिति देहाय बमोजिम रहेको छ ।

**उपस्थिति:**

| | | | |
|---|---|---|---|
| | श्वबर्ण कुमार बुढा | नगर प्रमुख | अध्यक्ष |
| | छिरिङ टोल्मा महत | नगर उप-प्रमुख | सदस्य |
| | तेजेन्द्र बहादुर रोकाया | वडाध्यक्ष वडा नं १ | सदस्य |
| | कमल बहादुर क्षत्री | वडाध्यक्ष वडा नं २ | सदस्य |
| | भक्त बहादुर भण्डारी | वडाध्यक्ष वडा नं ३ | सदस्य |
| | जुद्ध बहादुर बुढा | वडाध्यक्ष वडा नं ४ | सदस्य |
| | भीम बहादुर रोकाया | वडाध्यक्ष वडा नं ५ | सदस्य |
| | तेजेन्द्र कार्की | वडाध्यक्ष वडा नं ६ | सदस्य |
| | ध्रुवबिक्रम शाही | वडाध्यक्ष वडा नं ७ | सदस्य |
| | मनराम ठकुल्ला | वडाध्यक्ष वडा नं ८ | सदस्य |
| | सुवास कठायत | वडाध्यक्ष वडा नं ९ | सदस्य |
| | हर्षरुप महत | वडाध्यक्ष वडा नं १० | सदस्य |
| | भद्र बहादुर कार्की | वडाध्यक्ष वडा नं ११ | सदस्य |

CamScanner

ठूलीभेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुफाल, डोल्पा
कर्णाली प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | हैता रोकाया | कार्यपालिका सदस्य महिला | सदस्य |
| | कली भण्डारी | कार्यपालिका सदस्य महिला | सदस्य |
| | सरस्वती बुढा | कार्यपालिका सदस्य महिला | सदस्य |
| | पुतली देवी रोकाया | कार्यपालिका सदस्य महिला | सदस्य |
| | बिष्णु कुमारी डाँगी | कार्यपालिका सदस्य महिला | सदस्य |
| | दिलमाया वि.क. | कार्यपालिका सदस्य दलित | सदस्य |
| | प्रिती सार्की | कार्यपालिका सदस्य दलित | सदस्य |
| | काजिमान वि.क. | कार्यपालिका सदस्य दलित | सदस्य |
| | डिल प्रसाद रोकाय | नि.प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | अक्क बहादुर शाही | वा. वा. वडा अध्यक्ष-३ | सदस्य |
| | सन्तोष शुकदेव | सुचना प्रविधि अधिकृत | |
| | डिल्लीराम तिमिल्सेना | सहायक पाँचौं | |
| | | | |

CamScanner

## निर्णयहरू

टूलीभेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुनै, डोल्पा
कर्णाली प्रदेश, नेपाल

**प्रस्ताव नं. १ आ.व. २०८२।०८३ को लागि मुख्यमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्बन्धमा।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकामा आर्थिक वर्ष २०८२।०८३ मा कार्यान्वयन हुने मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि यस ठूलीभेरी नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट छनोट भई आएका तपसिलका योजनाहरु कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय वीरेन्द्रनगर सुर्खेतमा सिफारिस गरी पठाउने निर्णय पारित गरियो ।

तपसिल:

| क्र.स. | आयोजनाको नाम | वडा नं. | बजेट रकम | कै. |
|---|---|---|---|---|
| १. | थाला गाउँ घेराबार निर्माण योजना। | १ | २० लाख | |
| २. | नुन हाल्ने चौरदेखि देउसुरेको घर हुदै माथिल्लो देउतीसम्म ढुङ्गाको प्रखाल निर्माण योजना। | २ | २० लाख | |
| ३. | साली खोला देखि मष्टामाडु सम्म आर.सि.सि. सिडि निर्माण योजना। | ३ | २० लाख | |
| ४. | खिलाम देखि पिनरा हुँदै भांत खाना सम्म घेराबार निर्माण योजना। | ४ | २० लाख | |
| ५. | खालसिम देखि जाब्ला सम्म घेराबार निर्माण योजना। | ५ | २० लाख | |
| ६. | धुपिरुख देखि सलीनझार गैराकोटी सम्म सामुदायिक स्याउ खेति घेराबार निर्माण योजना। | ६ | २० लाख | |
| ७. | कामीटोल, बाहुनटोल,सार्कीबाडा बाटो ढुंङ्गा सोलिङ पि.सि.सि. निर्माण योजना। | ७ | २० लाख | |
| ८. | पहिरो हुँदै दारेथान सम्म घेराबार निर्माण योजना। | ८ | २० लाख | |
| ९. | घट्टेगाडा हुँदै चिमसम्म घेराबार निर्माण योजना। | ९ | २० लाख | |
| १०. | देउली बाट खोला धारा हुदै तोबाथाँङ चुक सम्म घोरेटो बाटो निर्माण। | १० | २० लाख | |
| ११. | रह सामुदायिक कृषि घेराबार निर्माण योजना। | ११ | २० लाख | |

**प्रस्ताव नं. २ अनुमति दिने सम्बन्धमा।**

**निर्णय नं २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा ठूलीभेरी नगरपालिका वडा नं. ३ धुपिचौर भेरी नदिको किनारमा संचालित ढुङ्गा, गिट्टी, बालुवाको क्रसर उद्योग श्री त्रिपुरा कंस्ट्रक्सन/बुद्ध हिमाली कंस्ट्रक्सन प्रा.लि. ले उत्खनन् गरिरहेको र उक्त कंस्ट्रक्सन प्रा.लि. ले आर्थिक वर्ष २०८१।०८२ को असार मसान्त सम्म ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरे बापतको राजश्व शुल्क ठूलिभेरी नगरपालिकाको आर्थिक ऐन बमोजिमको शुल्क नगरपालिकामा दाखिला गरेको साथै जाडो समयमा विकास निर्माणको कार्य कम संचालन हुने र अहिले विकास निर्माणको कार्य बढी

स्वर्ण कुमार बुढा
नगर प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

हुने भएको, यस नगरपालिका अन्तर्गत अन्य क्रसर उद्योग नभएकोले आर्थिक वर्ष २०८१।०८२ को असार मसान्त सम्म मात्र श्री त्रिपुरा कंस्ट्रक्सन/बुद्ध हिमाली कंस्ट्रक्सन प्रा.लि. लाई क्रसर उद्योग संचालन गर्न अनुमति दिने निर्णय पारित गरियो।

प्रस्ताव नं. ३ घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा।

निर्णय नं ३

प्रस्ताव नं ३ . माथि छलफल गर्दा यस ठूलीभेरी नगरपालिका वडा नं ३ दुनै टगाना राखी श्री अर्जुन कुमार हिराचनले मरमर मल्टि बिल्डर्स प्रा.लि. नामको घ वर्गको निर्माण इजाजत-पत्र माग गर्नुभएकोमा नियमानुसारको कागजात प्रकृया र प्राविधिक प्रतिवेदनको आधारमा इजाजत-पत्र उपलब्ध गराउन उपयुक्त देखिएकोले निजलाई नियमानुसार शुल्क लिइ घ वर्गको निर्माण इजाजत-पत्र प्रदान गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ जग्गा वर्गिकरण सम्बन्धमा।

निर्णय नं ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको मिति २०८१।१२।११ को परिपत्र अनुसार यस ठूलीभेरी नगरपालिकाको सम्पूर्ण स्थानहरुको भूउपयोग क्षेत्र वर्गीकरण नभएकोले भूउपयोग क्षेत्र वर्गिकरण/कित्ताकाट सम्वन्धी कार्यको लागि परामर्शदाता खरिद गरि भूउपयोग नीति बमोजिम जग्गा वर्गिकरण गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ५ विद्यालयमा पठनपाठन नियमित गर्ने सम्बन्धमा।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रानुसार यस ठूलीभेरी नगरपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरु विगत लामो समय देखि शिक्षक आन्दोलन तथा यार्सागुम्बा संकलनका कारण विद्यालयको पठनपाठनमा बाधा सिर्जना भएको कारणले शनिबार बाहेक सार्वजनिक बिदाको (हिँउदे, वर्षे लगायत) दिन पनि विद्यालयहरुलाई पठनपाठन गर्ने/गराउने निर्देशन पारित गरियो।

प्रस्ताव नं. ६ बालमैत्री स्थानीय शासन वडा छनौट सम्बन्धमा।

निर्णय नं ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन नगरपालिका घोषणा आ.व. २०८४।०८५ सम्म गर्ने र पहिलो चरणमा ठूलीभेरी नगरपालिका वडा नं. ७ लाई छनौट गरी

स्वर्ण कुमार बुढा
नगर प्रमुख